लागू औषधको वास्तविकता सवैलाई बताऔः स्वास्थ र सुरक्षित जीवन बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily

वर्ष ८ अंक २६ २६ साउन २०७९ बिहीबार 11 August 2022 Thursday पृष्ठ : ४ मूल्य : ५ रुपैयाँ

खस्कदै नमूना विद्यालयको शैक्षिक अवस्था

कपिलवस्तु, २५ साउन

बुद्धभूमीनगरपालिकाको गौतमबुद्ध मा.वि.मा अहिले २ माध्यमबाट अध्यापन भइरहेको छ। नेपाली र अंग्रेजी। अंग्रेजी माध्यममा अध्यापन हुने भएपछि अभिभावक हर्षित थिए । शिक्षाको गुणस्तर सुध्रने अपेक्षामा थिए । निजी विद्यालयबाट निकालेर सरकारीमा निःशुल्क अंग्रेजी शिक्षा दिन पाइन्छ भन्दै हौषिएका अभिभावक अहिले अन्यौलतामा छन् । शिक्षाको गुणस्तर झन खस्किएको छ। निजी विद्यालयको भन्दा शुल्क चर्को छ। विभिन्न बहानामा शुल्क असुल्न थालिएको छ। प्रअ तानाशाह जस्ता र व्यवस्थापन समिति रैती जस्ता निरिह बनेका छन्।

विगत ३ बर्षको अवधिमा बुद्धभूमी नगरपालिकाको नमूना विद्यालयको रुपमा रहेको गौतमबुद्ध मा.वि. अहिले विभेद, अनियमितता र अराजकताको भूमरीमा फस्दै गएको छ। विद्यालयका प्रअ शिशिर प्रसाद अर्यालको जर्बजस्ती र मनोमानीकै कारण एउटा नमूना विद्यालयको स्तर खस्कदै गएको छ । टाउके नेताका छोरा, बुहारी भर्ना गरेर उनीहरुलाई हातमा लिएका अर्यालको मनोमानीले विद्यालय विग्रदै गएको छ।

जर्बजस्ती चर्को शुल्क :

संविधान, शिक्षा ऐन तथा स्थानीय सरकारको शिक्षा ऐन अनुसार सरकारी विद्यालयको माध्यमिक तह सम्म शिक्षा, पाठ्यपुस्तक र आधारभूत तह सम्मलाई खाजा समेत निःशुल्क छ। तर गौतमबुद्ध मा.वि.मा भने प्रअ अर्यालकै निर्देशनमा जर्बजस्ती चर्को शुल्क लिइदै आएको छ। यहाँ कक्षा १ को ३ सय देखि १० कक्षा सम्मको ९ सय रुपैया सम्म मासिक शुल्क लिइन्छ । यसै गरि आफैले छापेको क्यालेन्डरको समेत प्रत्येक विद्यार्थीबाट ५० रुपैया असुलिन्छ । परिक्षा शुल्क २ सय रुपैया, डायरीको ७० रुपैया, टाइ, बेल्ट, अतिरिक्त क्रियाकलाप, कम्प्यूटर विभिन्न शिर्षकमा चर्को शुल्क लिइन्छ । कक्षा ९ मा भर्ना भएका विद्यार्थीहरुलाई कक्षा १०, ११ र १२ मा समेत बर्षेनी भर्ना शुल्क भन्दै २० हजार रुपैया सम्म असुल्ने गरिएको छ।

विद्यालयले हाल कक्षा ८ देखि माथिका विद्यार्थीहरुका लागि अनिवार्य कोचिङ्ग गर्न भन्दै उर्दी जारी गरेको छ। व्यवस्थापन समितिलाई थाहै नदिई ४ वटा विषयको कोचिङ्ग लिनुपर्ने र त्यसका लागि १६ सय मासिक तिर्नुपर्ने छ। कोचिङ्ग कक्षा सुरु भइसकेको छ भने अभिभावक थप शैक्षिक भारमा छन्।

खस्किदो शिक्षा :

गत बर्षको कक्षा ८ को जिल्ला स्तरीय परिक्षामा ८३ जना विद्यार्थी संलग्न भएको र जम्मा १७ जना मात्र उत्तिर्ण भएको विद्यालयले जनाएको छ । जस अनुसार शैक्षिक स्तर खस्केकेका प्रष्ट छ। हालै सकिएको एसइइ परिक्षा तथा कक्षा ११ र १२ को परिक्षा पनि त्यति सन्तोषजनक छैन । जुन अनुपातमा सरकार, समुदाय र अभिभावकको लगानी छ त्यो अनुपातमा शिक्षाको स्तर झन झन तल झर्दै गएको स्थानीय दिनेश बन्जाडे बताउनुहुन्छ।

पूर्वाधारमा अनियमितता :

संघीय सरकारले नमूना विद्यालयलाई ५ बर्ष सम्म विद्यालय सुधारमा बजेट दिदै आएको छ। तर गत आ.ब. ०७८/७९ मा विद्यालयले पाएको १ करोड ५० लाख मध्ये १ करोड बजेट प्रअ अर्यालकै लापरवाहीले फ्रिज हुन गएको छ । विद्यालय आफैले गर्न मिल्ने र राम्रो कमिशन आउने काम गरेर टेन्डर बाट हुने कामलाई वेवास्ता गरेको अभिभावकहरुकै आरोप छ। अर्याल आफैले विद्यालयमा २१ लाखको ब्लक विच्छाएको, ८

(बाँकी ३ पेजमा >>>

कोरोनाबाट ३ को मृत्यु

काठमाण्डौ, २५ साउन

पछिल्लो २४ घण्टामा देशभर थप ८६८ जनामा कारोना संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा ३ हजार ६१४ पीसीआर परीक्षणमा ४९६ र ३ हजार ९१ एन्टिजेन परीक्षणमा ३७२ जनामा संक्रमण पुष्टि भएको हो। २४ घण्टामा कूल ६ हजार ७०५ जनाको नमुना परीक्षण गरिएको थियो।

यस्तै सोही समयमा ३ जनाको मृत्यु भएको छ। यससँगै हालसम्म कोरोनाबाट ज्यान गुमाउनेको संख्या ११ हजार ९७७ पुगेको छ । यस्तै पछिल्लो २४ घण्टामा ४१४ निको भएका छन् भने नेपालमा हाल ५ हजार ८८५ सक्रिय संक्रमित रहेका छन्। २४ घण्टामा १ लाख ३८ हजार ८४० जनाले कोरोनाविरुद्धको खोप लगाएको थिए।

बाणगंगाका प्रमुख प्रशासकीय अधिकृत भुसालद्वारा पदभार ग्रहण

कपिलवस्तु, २५ साउन

कपिलवस्तुको बाणगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा आउनुभएका खिमानन्द भुसालले पदभार ग्रहण गर्नुभएको छ। भुसालले बाणगंगाको सातौं प्रशासकीय अधिकृतको रुपमा पदभार ग्रहण गर्नुभएको हो। यस अघि ६ पटक बाणगंगाका प्रशासकीय अधिकृत परिवर्तन भईसकेका छन्।

पदभार ग्रहण गर्दै प्रमुख प्रशासकीय अधिकृत भुसालले ऐन कानुनको परिधिभित्र रहेर जनप्रतिनिधि सहित सरोकारवाला सबैसंग सहकार्य गर्दै बाणगंगालाई सुशासन, पारदर्शिता र जवाफदेहीतामैत्री नगरपालिकाको रुपमा पहिचान दिलाउने बताउनुभयो । उहाँले सेवाग्राहीमैत्री नगरको विकासका लागि आफ्नो सदैव पहल रहने बताउदै यसका लागि नगरवासी सबैले साथ दिनेमा विश्वस्त रहेको बताउनुभयो। जुनसुकै कार्य गर्दा पनि परिणाममुखी हुनुपर्नेमा जोड दिदै नगरको विकास र नगरवासीको काम सहज रुपमा हुनुनै आफ्नो मुख्य लक्ष्य रहेको बताउनुभयो।

नगर प्रमुख चक्रपाणि अर्याल सहित जनप्रतिनिधि र कर्मचारीहरुद्धारा प्रमुख प्रशासकीय अधिकृत पन्थीलाई भव्य स्वागत गरिएको थियो। स्वागत कार्यक्रममा बोल्दै नगरप्रमुख चक्रपाणि अर्यालले कर्मचारी संयन्त्रलाई विश्वासिलो र जनउत्तरदायी बनाउन भुमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले जनप्रतिनिधिहरु पाँच वर्षमा आउने जाने भए पनि कर्मचारी संयन्त्र स्थायी सरकार भएको बताउदै जनप्रतिनिधि सफल हुनु नहुनुमा कर्मचारी संयन्त्रको अहम भूमिका रहने बताउनुभयो।

यस अघि गुल्मीको मुसीकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत भुसाल नेपाल सरकारका उप-सचिव हुनुहुन्छ। उहाँसंग यस अघि विकट जुम्लाको हिमा गाउँपालिका, गुल्मीको मुसीकोट नगरपालिका, अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा कुशलता पुर्वक कार्यकारीको रुपमा कार्य गरेको अनुभव छ भने संघीय सरकारका विभिन्न मन्त्रालयमा पनि कार्य गरेको अनुभव रहेको छ।

विद्युत प्राधिकरणको नाफा १६ अर्ब

काठमाण्डौ, २५ साउन

नेपाल विद्युत प्राधिकरणको वार्षिक नाफा करिब १६४ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७७/७८ मा ६ अर्ब १० करोड खुद नाफामा सीमित भएको प्राधिकरणले आर्थिक २०७८/७९ मा नाफालाई बढाएर १६ अर्ब ९ करोड रूपैयाँ पुग्ने प्रक्षेपण गरेको छ। प्राधिकरणको आव २०७८/७९को वित्तीय विवरण (अपरिष्कृत) अनुसार वार्षिक आम्दानी एक खर्ब रुपैयाँ नाघेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। यो सँगै सार्वजनिक संस्थाहरूमध्ये सबैभन्दा बढी आम्दानी भएको र नाफा आर्जन गर्ने संस्था प्राधिकरण बनेको छ।

'ऊर्जा खपत २७ प्रतिशत वृद्धि हुँदा बिक्री आम्दानी बढ्यो, विद्युत निर्यात वृद्धि भयो, प्राधिकरणका स्वामित्वका विद्युत गृहहरूबाट विद्युत उत्पादन करिब १६ प्रतिशतले वृद्धि गर्न सफल भयौं, विद्युत चुहावट घट्यो, प्रभावकारी रूपमा खर्च नियन्त्रण गरियो, अन्य आम्दानी बढ्यो, यसले गर्दा प्राधिकरणको खुद नाफा बढेको हो,' घिसिङले भने। आर्थिक वर्ष २०७२/०७३ मा ८ अर्ब ८९ करोड रुपैयाँ घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षहरूमा निरन्तर नाफामा छ। २०७३/०७४ मा १ अर्ब ५० करोड रुपैयाँ नाफा कमाउँदै प्राधिकरणले नाफालाई ०७६/७७ मा ११ अर्ब ७५ करोड रुपैयाँ पुऱ्याएको थियो। आर्थिक वर्ष २०७७/०७८मा घटेर ६ अर्ब १० करोड रुपैयाँमा झरेको थियो। विद्युत आपूर्ति भरपर्दो र गुणस्तरीय हुँदै गएपछि यसको प्रत्यक्ष सकारात्मक प्रभाव प्राधिकरणको वित्तीय अवस्थामा परेको घिसिङले बताए। प्राधिकरणले विद्युत बिक्रीबाट ८८ अर्ब रुपैयाँ आम्दानी गरेको छ। विद्युत महसुल संकलन विनियमावली बमोजिम समयमै महसुल तिर्ने ग्राहकलाई करिब ९८ करोड रुपैयाँ छुट दिइएको छ। यसबाट विद्युत बिक्रीबाट ८७ अर्ब खुद आम्दानी भएको छ, जुन अघिल्लो आवको तुलनामा २२ प्रतिशतले बढी हो।

विद्युत चुहावट १५.३८ प्रतिशतमा झऱ्यो : प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रण गर्न सञ्चालन गरिएका अभियानबाट विद्युत् चुहावट १५.३८ प्रतिशतमा झारिएको छ। विद्युत प्रणालीमा आव ०७२/७३मा २५.७८ प्रतिशत चुहावट रहेकोमा त्यसपछिका वर्षहरूमा निरन्तर घटाएर आव २०७६/७७मा १५.२५

(बाँकी ३ पेजमा >>>

सम्पादकीय

अस्वस्थ राजनीतिको असर !

आउँदो मंसिर ४ गतेका दिन प्रदेश र संघको निर्वाचनका लागि मतदान हुने मिति तोकिएपछि गठबन्धन गर्ने र एक्लै लड्ने दलका बीचमा आरोप प्रत्यारोपको लहर चल्न थालेको छ । यसै पनि विपक्षीलाई कमजोर र तुच्च देखाएर आफु बलियो र उच्च रहेको भन्ने चलन सधैंजसो हुन्छ नै । चुनावका बेला अलि बढी गरिन्छ । यसलाई सोही अनुसार बुझेर सहेर रहन पर्छ । चुनाव सकिएपछि पनि उही समाजमा बस्न पर्ने हुनाले । कसैले जित्दा वित्तिकै रातीमा पनि सूर्योदय हुने र हारेपछि दिनमा पनि नउदाउने भन्ने हुँदैन । खासै फरक परेको देखिएन । त्यसैले सबैले सहजै बुझ्न पऱ्यो - सबै चुनावी वाचाहरु साँचा हुँदैनन् । जे भन्दा फाइदा हुन्छ, त्यही भन्छन् नेताले । यो वा त्यो पार्टीका जुनसुकै नेताले पनि गर्ने त्यही हो । के सही हो र हैन भनेर छुट्याएर बुझ्ने काम मतदाताको हो । नेताले भनेको भन्दैमा सबै कुरा पत्याएर सकार्न हुँदैन । पुरै गलत भनेर नकार्न पनि मिल्दैन । कति साँचो र झुटो भन्ने कुरा आफै बुझ्ने हो । तर बाझ्ने हैन । पाखुरा सुर्कन थाल्दा पनि राम्रो नतिजा निस्कँदैन ।

मतदातामा पनि आफ्ना र अर्काका भनेर छुट्याउने चलन छ । नेतामा पनि आफ्ना र अर्काका भनेर सम्मान र अपमान गर्ने चलन छ । राम्रो हैन यो । त्यो गाउँ कांग्रेसको र त्यो कम्युनिष्टको । त्यो राजावादीको र यो मधेशवादीको । यसको र उसको भनेर अर्घेल्याई गर्दा समाज भाँडिन्छ । शक्ति बाँडिन्छ । सामाजिक एकता खल्बलिन्छ । अनेकता र विभाजनको विष रोप्ने काम दलहरुले नगरुन् । आफुसंग कस्ता योजना छन् र के गर्न सक्छन्, ती विषयलाई बुझाएर प्रभाव पारुन् । गाउँ र सामज मात्रै हैन, परिवारलाई पनि विभाजित गर्ने काम राम्रो हैन । प्रतिस्पर्धा गर्ने नाममा जे जस्ता तरिकाले वाक्युद्ध जारी राखिएको छ, मतदानको दिन नजिकिदै जाँदा अझ तीब्र हुनेछ । कतिपय ठाउँमा त भिडन्तमा उत्रन बाध्य पारिनेछ । त्यस्तो नहोस्, समयमै विचार गरियोस् । चुनावमा स्वच्छ प्रतिस्पर्धा गर्नु जति राम्रो होला, मानिएला, बाहुबलको प्रयोग गर्ने अवस्थामा पुऱ्याउनुलाई कसैले पनि राम्रो भन्दैन, मान्दैन । आवेग र उत्तेजनाका भाषण गर्नेले जनतालाई सहि सूचना दिएका हुँदैनन् । आक्रोशित पार्ने उद्योग गरेका हुन्छन् । त्यस्ता उद्योगले देश र समाजको उत्थान हैन, पतनतिर प्रस्थान गराएका हुन्छन् । आजसम्मको नतिजाले त्यही देखाएको छ । यदि कसैले यसैलाई उपलब्धी ठान्छ भने, दुर्गति बाहेक अरु केही हुने छैन ।

चुनावमा जाँदा गठबन्धन गर्न हुन्छ र हुन्न भन्ने बहस चलाउनाले कसैलाई फाइदा पुग्ने छैन । आठवटा दल मिलेर गठबन्धन गर्न खोजे पनि टिकट वितरण गर्ने बेलामा सबैका माग पुरा गर्न सम्भव छैन । भाग नपाएकाले गठबन्धनको मन्त्र जपेर बस्दैन । बदला लिन थाल्छ । त्यही बदला अर्कोका लागि वरदान सावित हुन्छ । अन्तर्घात र विश्वासघात बिनाको राजनीति होला भनेर कसैले पनि कल्पना नगरे हुन्छ ।

निर्वाचन प्रणालीमा विकृतिको विष



निर्मल भट्टराई

नेपाल सरकारले संघीय र प्रदेशसभाको निर्वाचन एकै चरणमा हुने गरी मंसिर ४ गतेको मिति घोषणा गरेको छ। चुनावको मिति घोषणासँगै सो निर्वाचनमा कुन पार्टीले कसकसलाई उम्मेदवार बनाउँलान् भन्ने बहस सुरु हुन्छ। निर्वाचन घोषणालगत्तै टिकटका लागि नेताहरूको दौडधुप सुरु हुन्छ। चुनावमा लडाउने नेताको छनोटका विभिन्न मापदण्ड पनि निर्धारण हुन थाल्छ। पार्टीप्रतिको निष्ठा, समर्पण, राजनीतिक क्षमता, पार्टी र आन्दोलनमा नेतृत्वदायी भूमिका आदि मापदण्ड हुने नै भए। पछिल्ला निर्वाचनहरूमा नेपालका प्रमुख राजनीतिक पार्टीहरूले 'पैसा खर्च गर्न सक्ने उम्मेद्ववार'को खोजी गर्न थालेको आभास मिल्छ।

हालै नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपालको निर्वाचन प्रणालीमा दोष रहेको र त्यसले नेपालको गणतन्त्र खतरामा रहेको बताए। आफूले भनेजस्तो नहुँदा गणतन्त्रमा खतरा देख्ने स्वभावका प्रचण्डले दिवंगत नेता नरबहादुर कर्माचार्यको स्मृति दिवसको अवसरमा सो कुरा बताए। उनको कथन थियो- 'गाउँपालिकाको अध्यक्षले १० करोड खर्च गरेपछि संघीय र प्रदेशसभा सदस्यलाई त अर्बौं खर्च लाग्ने भयो।' उनले कुन गाउँपालिकाको अध्यक्षको उम्मेद्ववारले १० करोड खर्च गरे, त्यो त खुलाएनन्। तर उनले यति आत्मविश्वासका साथ भनेको हिसाबले ती उम्मेद्ववार माओवादी केन्द्रकै थिए भन्ने चाहिँ सहज अनुमान गर्न गाह्रो परेन। उनले भनेको सही हो भने एउटा गाउँपालिकाको निर्वाचनमा कसरी खर्च हुन्छ त ? के-के शीर्षकमा यो अकुत रकम खर्च हुन्छ ?

यो आम कुरा हो कि अपवादको कुरा हो ? के अब पैसा नहुनेले चुनावै लड्न सक्दैनन् ? यो आम कुरा हुन सक्दैन किनभने प्रचण्डकै निर्वाचन क्षेत्रको माढी नगरपालिकाकी नगर प्रमुख ताराकुमारी काजी महतोले त्यत्रो पैसा खर्च गर्ने विलकुल हैसियत राख्दिनन्। जनतासँग निकटतम सम्बन्ध राखेकी उनी ह्वारह्वार्ती पैसा खर्च गर्ने आवश्यकता पनि ठान्दिनन् शायद। महतोजस्तै देशभरका निम्न र मध्यम वर्गीय परिवारका थुप्रै नेता कार्यकर्ताले पालिकाको प्रमुख र उप-प्रमुख विजयी बनेका छन्। यदि यो आमकुरा होइन, केही अकुत पैसावाल (त्यो पनि आफ्नै उद्यम, परिश्रम र पसिनाले आर्जेको होइन) ले टिकट खरिद र मतदाता खरिद गर्न खर्चेको पैसा हो भने यो सबैबाट दुरुत्साहन गरिनुपर्ने विषय हो। प्रचण्डलगायत नेताले आमप्रवृत्तिजस्तो गरी उछाल्ने विषय होइन।

निर्वाचनमा जनताले स्वतन्त्रतापूर्वक आफ्नो मत अभिव्यक्त गर्न सकुन् र जनअभिमतको खरिद-बिक्री हुन नपाओस् भनेर निर्वाचन आयोगले विशेष व्यवस्था गरेको छ। निर्वाचनमा हुन सक्ने अति खर्चको नियन्त्रण गर्न निर्वाचन आयोगले निकै कडा आचारसंहिता जारी गरेको छ। मत प्रभावित पार्ने प्रयोजनले भोजभतेर गर्न नपाउँदा राजनीतिक दल वा उम्मेद्ववारको निर्वाचन चिह्न अंकित ज्याकेट, कमिज, भेस्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याच, ट्याटुजस्ता सांकेतिक सामग्रीको प्रयोग गर्न नपाउँदा, कुनै क्लब, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रमजस्ता संस्थालाई नगद वा जिन्सी वितरण गर्न, अनुदान वा आर्थिक सहायता, नगद चन्दा पुरस्कार दिने घोषणा गर्न नपाउँदा एउटा गाउँपालिकाको चुनाचमा १० करोड कसरी र कहाँ खर्च हुन्छ ? निर्वाचन आचारसंहिताविपरीत त्यति धेरै खर्च गर्ने व्यक्तिको पहिचान गरी कानुनी कार्बाही गर्नुपर्ने होइन र ?

निर्वाचन आयोगले स्थानीय तहका उम्मेद्ववारका लागि जस्तै संघीय र प्रदेशसभा निर्वाचनका उम्मेद्ववारलाई पनि खर्च सीमा निर्धारण गर्ला नै। निर्वाचन आयोगले मतदाता नामावली खरिद, सवारी साधन, सवारी इन्धन, प्रचार सामग्री, ढुवानी, कार्यकर्ता परिचालन, गोष्ठी, विद्युतीय माध्यमद्वारा प्रचार, कार्यालय सञ्चालन, प्रतिनिधि परिचालनलगायत विभिन्न विषयमा मात्र खर्च गर्न सकिने नीति तथा आचारसंहिता निर्माण गर्ने गरेको छ। नेपालका सबै प्रमुख पार्टी आन्दोलन वा जनयुद्धबाट संगठित हुँदै शक्तिशाली बनेका हुन्। नेकपा (एमाले), नेपाली कांग्रेस र माओवादी केन्द्रको आआफ्नै इतिहास र पृष्ठभूमि छ। सत्ताको साधन र स्रोतबाट बञ्चित, जातीय, वर्गीय, लिंगीय र क्षेत्रीय हिसाबले पीडित जनसमुदायको सबैभन्दा बढी संगठित गरेर यी पार्टी आजको आकारमा आइपुगेका हुन्।

भूमिगत राजनीतिक आन्दोलन वा जनयुद्धमा लाग्ने व्यक्तिहरूले स्वभावैले घर परिवार, पेसा, परम्परागत व्यवसाय त्यागेर हिँड्नु पर्थ्यो। देशको मुक्ति भएमा आफ्नोसमेत मुक्ति हुने अभिप्रायले जनयुद्धमा होमिएको यो ठूलो युवा जमातमध्ये कतिले ज्यान गुमाए त कतिले जीवनभर निको नहुने अपांगता प्राप्त गरे। पारिवारिक बेमेल, नयाँ स्थानमा आफ्नो भविष्य निर्माण गर्नुपर्ने अवस्था, शिक्षाको अभावमा रोजगारी र अन्य अवसरको अप्राप्यता आदि समस्याबाट कतिपय जोदाहाहरू अहिलेसम्म मुक्त हुन सकेका छैनन्। त्यति मात्र होइन, आन्दोलनमा लाग्नु परेका कारणले उनीहरूले आफूसंग भएको श्रीसम्पत्ति गुमाउनुपर्ने अवस्था आयो, कमाउने कुरा परै जाओस्।

पुँजीवादी चुनावको सामना गर्नुपर्ने परिस्थितिसँग आफ्नो सम्पूर्ण ऊर्जाशील जीवन आन्दोलन, जेल नेल र संघर्षमा मात्र बिताएका नेतालाई सहज थिएन र छैन। जनआन्दोलन, जनयुद्ध र हजारौं शोषित, पीडित जनताको रगत, पसिना र बलिदानबाट गणतन्त्र प्राप्त भयो। त्यही गणतन्त्रको माध्यमद्वारा पार्टीका कैयौं नेता राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र अन्य कैयौं पदमा पदासीन हुन पुगे। 'खोलो तऱ्यो, लौरो बिर्स्यो' भनेझैं आज ती नेता निर्वाचनको लागि अयोग्य र भुइँफुट्टा पैसावालहरू योग्य भन्ने भाष्य आज स्थापित गर्न खोजिँदैछ।

जनआन्दोलन र जनयुद्धको भुंग्रोबाट आएको नेता संसदीय निर्वाचन वा अरू निर्वाचनमा टिकट माग्न गयो भने 'हुन त तपाईं पुरानो, जनयुद्ध लडेको मान्छे हो तर तपाईंसँग पैसा छैन कसरी चुनाव लड्नु हुन्छ ?' भन्ने जवाफ पाउँछ। यस्तो लाग्छ, अकुत पैसा खर्च नगरी अबको निर्वाचन लड्न सकिँदैन भन्ने सोचले टिकट खल्तीमा बोकेर बसेका नेताको मगज भरिन लागेको छ। परिवर्तनको फल आधारभूत वर्गमा पुऱ्याउन ठूल्ठूला नीतिगत, संरचनागत र संस्कारगत परिवर्तन नगरी यस किसिमको गलत सोच र प्रणालीलाई हटाउन सकिँदैन। संसदीय व्यवस्थासहितको संविधान बनेर कार्यान्वयन भइरहँदा देशका ठूला राजनीतिक पार्टीहरू आफैंले बनाएका ऐन, नीति, नियम तथा आचारसंहिता मान्न तयार छैनन्।

देशका शीर्षनेतालाई ऐन, नियम, कानुन, निर्वाचन आचारसंहिताको मतलव छैन, आफू जसरी पनि जित्नु परेको छ, प्रधानमन्त्री मन्त्री बन्नु परेको छ। आफ्नो निर्वाचन क्षेत्रमा करोडौं रुपैयाँ ओछ्याएर पनि नजिती भएको छैन। देशको आमनिर्वाचनमा पार्टीको घोषणा-पत्र र उम्मेद्ववारको इमान्दारी, निष्ठा र योग्यताको प्रतिस्पर्धा हुनुपर्नेमा विस्तारै पैसाको प्रतिस्पर्धा हुने अवस्था टड्कारो रूपमा मुखरित हुँदैछ। नेताहरू स्रोत र साधनवाला केही मुट्ठीभर मानिसको घेराबन्दीमा पर्दै गएको र राजनीतिक अवसरको वितरणमा अपारदर्शिता, अन्याय र अनियमितता भएको आरोप नेतृत्वमाथि लाग्न थालेको छ।

अमेरिकी लेखक ज्याफ्री स्याकको पुस्तक 'द प्राइस अफ सिभिलाइजेसन'मा उल्लेख भएझैं देशको शासन व्यवस्थालाई सामूहिक समूह 'कर्पोरेटोक्रेसी'ले सञ्चालन गरेको हुन्छ। नेपाल त्यसको अपवाद हुन सक्दैन। जुनसुकै पार्टी सत्तामा आए पनि त्यही समूह हाबी हुने र जनलक्षित कार्यक्रमको फाइदासमेत त्यही समूहले लिने विडम्बनापूर्ण स्थिति कायम छ। यसले पार्टी नेतृत्वलाई जनताबाट अलग-थलग बनाइदिन्छ, अपसृत बनाइदिन्छ। कुनै आन्दोलन सफल पार्न जनताको घरदैलोमा पुग्ने पार्टी नेतृत्व सत्तामा पुगेपछि जनताको झुपडीतिर नफर्कने तीतो यथार्थको पुनरावृत्ति भइरहेको छ। जनआन्दोलन, जनयुद्ध र सामाजिक परिवर्तनका अन्य आन्दोलनमा लाग्ने जनताको डोकाको न डालाको स्थिति कायम छ। केही अपवादबाहेक स्थिर र शक्तिशाली कहलाइएका सरकारले पनि जनताको झुपडीको हेक्का नराख्दा समृद्धिको नारा पनि सिंहदरबार वरिपरि मात्र सीमित छन्। सर्वसाधारण जनताका लागि त्यो 'आकाशको फल आँखा तरी मर' सिवाय केही भएको छैन। पार्टीका केही टाठाबाठा र सम्पत्तिवालले सत्तारूढ हुन सक्ने सबै पार्टीको सदस्यता सिरानीमा राखेका छन्। त्यसैलाई भजाएर रातारात मालामाल हुने नोकरशाहहरूबाट देशका मुख्य राजनीतिक पार्टीहरू बाहिर आउन निकै मेहनत गर्नुपर्ने आवश्यकता छ।

राज्यका स्रोत र साधनको न्यायोचित वितरण नहुने र निमुखाको निवेदन सिंहदरबारमा छिर्नै नसक्ने परिपाटीको अन्त्य नभएसम्म समाजवाद, लोकतन्त्र जे भनिए पनि त्यसको खासै अर्थ रहँदैन। अहिलेको निर्वाचन प्रणालीले गरिबलाई चुनाव लड्न दिँदैन भन्नुको सट्टा उनीहरूलाई पनि सहज रूपमा चुनाव लड्न सक्ने तारतम्य मिलाउनु राज्यको बागडोर समाल्नेहरूको काम हो। २०६२/६३ सालको जनआन्दोलनको सफलता पश्चात राज्यका विभिन्न अंगमा जातीय, क्षेत्रीय र लिंगीय समावेशीकरणको सुरुआत भएको छ। तर पनि विकराल वर्गीय विभेदीकरणको अन्त्य नगरी देशमा विद्यमान विकराल वर्गीय उत्पीडनलाई सम्बोधन गर्न सकिँदैन। देशभरका विपन्न जनताको सही तथ्यांक संकलन गरी राज्यको नीतिनिर्माण तहमा उनीहरूको यथोचित प्रतिनिधित्व गराउन सक्नुपर्छ। यसो हुन सके सामाजिक न्याय र समानतातर्फको यात्रा वास्तविक अर्थमा सुरु भएको ठहरिनेछ।

प्रजातन्त्र र गणतन्त्रका योद्धाहरू घर न घाटको भएर सडकमा भौतारिनु पर्ने र समाजका नवधनाढ्य र सुविधाभोगी वर्गले सधैं शासन सत्तामा ढलिमली गरिरहने परिस्थिति कायम रहेमा अपेक्षित आर्थिक समृद्धि प्राप्त गर्न सकिँदैन। अहिले किसान, मजदुर, विद्यार्थी, सैनिक जवान, प्रहरी, वकिल, पत्रकार, शिक्षक, प्राध्यापकलगायत कोही पनि देशको अवस्थासँग सन्तुष्ट भेटिँदैनन्। हुँदाहुँदा सत्तारूढ दलका शीर्ष नेताहरू, मन्त्रीहरू, नेताहरू, सांसद, उद्योगीहरूसमेत देश विकासको रेखा पत्ता लगाउन नसकेको अवस्थामा देखिन्छन्। चुनाव लड्न नेतालाई अकुत पैसा चाहिएको कारण भ्रष्टाचारको जालो सबैतिर फैलिएको छ। तर त्यसको दोष हरेकले आफूबाहेक अरुमा थोपर्ने आम परिपाटी कायम छ।

यस्तो अवस्थाको अन्त्य गर्न सबैभन्दा पहिले खेतबारीमा राँटेराँटा पारेर जोत्ने र ज्याला बढी माग्ने अल्छी हलीको जस्तो आमकार्यशैलीमा व्यापक सुधार गर्नु जरुरी छ। यसरी संघीय लोकतान्त्रिक गणतन्त्रको अपनत्व सम्पूर्ण जनतामा विस्तार गर्न आवश्यक छ। दिगो समृद्धिका लागि दीर्घकालीन नीति निर्माण, व्याप्त बेथितिको अन्त्य, भ्रष्टाचारमा शून्य सहनशीलता, चुस्त प्रशासन, प्रभावकारी अनुगमनको व्यवस्था, पद्धतिकेन्द्रित विकासको अविलम्ब थालनी हुनु अपरिहार्य छ। तर यी यावत् क्षेत्रमा नेता नमुना र अनुशरणीय हुनुपर्नेमा त्यो नेपालमा पटक्कै हुन नसकेको विषय हो।

आफू संविधान, ऐन-कानुन, राज्यका निकायले सबै पार्टीको सहमतिमा बनेका आचारसंहिताको निरन्तर उल्लंघन गर्दै जाने अनि दोष प्रणालीलाई थोपर्न कसरी मिल्छ ? आगामी निर्वाचनमा प्रचण्डलगायत सबै शीर्ष नेताले आफ्नो निर्वाचन क्षेत्रमा निर्वाचन आचारसंहिताको पूर्ण परिपालना गर्नुपर्छ। निर्वाचन आयोगले तोकेको खर्चको सीमाभित्र रहने अभ्यास सुरु गर्ने र आफ्ना पार्टीका सबै नेता कार्यकर्तालाई त्यही लक्ष्मणरेखाभित्र राख्ने हो भने यो निर्वाचन प्रणाली कसरी खर्चिलो हुन्छ ?

आगामी निर्वाचनमा जति कम पैसामा सम्पन्न हुन सक्यो, जति चुनावी तडकभडक कम हुन सक्यो त्यति नै नेपाली जनताले स्थापित गरेको नयाँ राजनीतिक प्रणाली सफल हुने निश्चित छ। जसरी पनि चुनाव जित्ने हुटहुटीले पार्टी नेतृत्वले नै यो प्रणालीमा विकृतिको विष घोल्न थाल्यो भने समयान्तरमा जनताले पुर्पुरोमा हात लगाउनुबाहेक कुनै विकल्प बाँकी रहने छैन।

-भट्टराई नेकपा एमालेका केन्द्रीय सदस्य हुन्।

छोरीसंग प्रेम गरेको भन्दै शिक्षकले विद्यार्थी पिटे

दाङ, २५ साउन

दाङमा छोरीको प्रेमीलाई घरमा बोलाएर निर्घात कुटपिट गर्ने बुवा पाटेश्वर यादव लगायत तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । राजपुर गाउँपालिका वडा नम्बर ३ खरदरियाका १९ वर्षीय मन्साराम यादव कुटपिटबाट गम्भीर घाइते भएका छन् । उनको टाउको, हातखुट्टा, नाक र मुखमा गहिरो चोट लागेको छ। कुटपिट गरेको अभियोगमा पाटेश्वर यादव र उनका दाइ धिरजबहादुर यादवलाई पक्राउ गरिएको छ।

जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी प्रमुख एसपी सुरेस काफ्लेले घटनालाई प्रहरीले नजिकबाट अनुसन्धान गरिरहेको जानकारी दिनुभययो । प्रहरीका अनुसार प्रेम सम्बन्ध केटी पक्षकाले स्वीकार गर्न नसक्दा हुन गएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

मन्साराम यादव जनज्योति माध्यमिक विद्यालय बेला कक्षा १२ मा पढ्दैछन् । सोही विद्यालयमा पढाउने शिक्षक पाटेश्वर यादवले आफ्नी छोरीसँग प्रेम गाँसेको भन्दै मन्सारामलाइ बन्धक बनाएर कुटपिट गरेको उजुरी इलाका प्रहरी कार्यालय गढवामा परेको छ। दुवैबीच प्रेम सम्बन्ध रहेको केटीका बाबुले थाहा पाएपछि योजनाबद्ध रुपमा बन्धक बनाएर कुटपीट गरेको देखिन्छ। सोही योजना अनुसार साउन २० गते छोरीलाई विभिन्न डर धम्की देखाएर मन्सारामलाई बोलाउन लगाइएको थियो । कुटपिटबाट मन्साराम गम्भीर घाइते भएका छन् । इटा, ढुंगा, चिर्पट, भाटा, लाठीले अन्धाधुन्ध प्रहार गरेको पीडित मन्सारामले प्रहरी सामु बयान दिएका छन् । घाइते यादवको वेस्टर्न हस्पिटल नेपालगन्जमा उपचार भैरहेको छ।

न्सारामलाई केटीका आफन्तले नक्कली चोर बनाएको कागजसमेत प्रहरीले बरामद गरेको छ । कागजमा केटीका आफन्तले ती केटालाई 'म चोरी गर्न आएको थिएँ, चोरी गर्दागर्दै घरधनीले फेला पारी सामान्य कुटपिट गरेको र प्रहरीमा उजुर गर्ने छैन, यदि गरेको खण्डमा यही कागजका आधार उजुरी फिर्ता लिइने छु', भन्ने लिखित कागज गरेका थिए । उक्त कागजमा केटालाई जबरस्ती सहीछाप गर्न लगाएको पीडितले प्रहरीसामु बयान दिएको प्रहरीले बताएको छ।

खस्कदै नमूना विद्यालय...

लाख ६० हजारको फर्निचर किनेको, १३ लाखको ल्यापटप किनेको र खानेपानी शौचालय निर्माण ममर्तमा ४ लाख २० हजार खर्च गरेका थिए। तर ८ कोठे भवनको बजेट सम्भौता गर्न उनले आनाकानी गर्दा बजेट फ्रिज भएको स्थानीय बालकृष्ण बेल्बासे बताउनुहुन्छ।

व्यवस्थापन समितिद्वारा राजिनामा :

विद्यालयमा बढ्दो अनियमितता र प्रअ अर्यालको मनपरीबाट दिक्क परेका विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले सामूहिक राजिनामा दिएका छन् । समिति सदस्य बालकृष्ण बेल्बासे, सुलोचना भुसाल, विष्णु, आचार्य, दुखा थारुले सामूहिक राजिनामा दिएका छन् । अध्यक्ष कृष्ण प्रसाद भट्टराई पनि राजिनामा दिएर अस्ट्रेलिया जान लागेको बेल्बासेले बताए। "समितिको निर्णय कार्यान्वयन हुदैन, १ करोड बजेट फ्रिज गराइयो, शैक्षिक गुणस्तर झन खस्किएको छ, हेरेर बस्न भन्दा राजिनामा दिएकै ठीक भनेर निस्कियौ" उनले भने।

भर्तिकेन्द्र बन्दै विद्यालय :

विद्यालयले शिक्षक अभाव भएको, विद्यार्थी संख्या १४ सय नाघेको भन्दै निजी श्रोतबाटै शिक्षक भर्ना गरेको छ। २ बर्षको अवधीमा ११ जना शिक्षक तथा कर्मचारी भर्ना गरियो । भर्ना गरिएका अधिकांश कांग्रेस निकट र नगर क्षेत्रका नेताका छोरा, बुहारीहरु रहेको श्रोतको भनाई छ। आन्तरिक श्रोत अभाव हुदाहुदै पनि विद्यालयले जर्बजस्ती विद्यार्थी संख्या देखाएर शिक्षक भर्ना गरेपछि तलब खुवाउनकै लागि चर्को शुल्क उठाउदै गरेको छ । सोहि कारणले पनि प्रअ अर्याल विरुद्ध बुद्धभूमीका कुनै पनि दलहरुले विरोध गर्न अप्ठ्यारो मान्ने गरेको स्थानीयबासीको आरोप छ।

निरिह नगरपालिका :

बुद्धभूमी नगरपालिका किनारका कपिलवस्तु नगरपालिका र शिवराजले उच्च मावि सम्म कुनैपनि वहानामा शुल्क लिन निषेध गरेको छ । तर यहाँ भने विद्यालयकै अगाडी नगरपालिका निरिह सरह देखिन्छ । नगरपालिकाले विद्यालयलाई बर्षेनी शिक्षक अनुदान, मसलन्द, पाठ्यपुस्तक, छात्रवृत्ति, खाजा तथा पूर्वाधारमा बजेट विनियोजन गरेका छ तर अभिभावकको ढाड सेकिने गरि लिइने चर्को शुल्क बारे एउटा पत्र समेत काट्न सकेको छैन।

बुद्धभूमी नगरपालिकाकै नमूना विद्यालयमा अध्ययन गर्ने १४ सय विद्यार्थीहरु मध्ये ८० प्रतिशत विद्यार्थी विपन्न छन् । निम्न बर्गिय परिवारका उनीहरु अंग्रेजी मात्र होइन नेपाली माध्यममा समेत शुल्क लिएर पढाउने अवस्थामा छैनन् । तर स्थानीय सरकारले शुल्क पुर्ण रुपमा निःशुल्क गर्ने र विद्यालयमा विग्रदै गरेको शैक्षिक गुणस्तर सुधार गर्दै भएका अनियमितता रोक्न सके यहाँका बालबालिका शैक्षिक विस्थापित हुने अवस्था रोकिने थियो।

विद्युत प्राधिकरण...

प्रतिशतमा झारिएकोमा आव ०७७/७८ भने बढेर १७.१८ प्रतिशत पुगेको थियो। आव २०७८/७९मा चुहावट नियन्त्रणका लागि चालिएका कदमलाई थप व्यवस्थित र प्रभावकारी बनाइ चुहावट अघिल्लो वर्षको तुलनामा १.८० प्रतिशत विन्दुले घटाएर १५.३८ प्रतिशतमा झारिएको कार्यकारी निर्देशक घिसिङले बताए। 'चुहावट नियन्त्रणबाट मात्र प्राधिरकणलाई अघिल्लो वर्षको तुलनामा करिब २ अर्ब रुपैयाँ थप आम्दानी भएको छ, चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण गर्ने,महशुल बक्यौता असुलीमा कडाई गर्ने, प्राविधिक चुहावट घटाउन ट्रान्सफर्मर, वितरण लाइन तथा सबस्टेसनको सुदृढीकरण लगायतका काम अभियानकै रूपमा अझै थप प्रभावकारी र व्यवस्थित रूपमा चलाउँछौं', उनले भने।

विद्युत निर्यात बढ्यो, खुद आयात घट्यो : आव २०७८/७९मा भारतर्फको विद्युत निर्यात बढेको छ भने आयात घटेको छ। अहिले नेपालमा खपत गरी अतिरिक्त भएको विद्युत दैनिक रूपमा करिब ३६४ देखि करिब ४०० मेगावाटसम्म भारततर्फ निर्यात भइरहेको छ। आव २०७७/७८मा ४ करोड ४० लाख युनिट विद्युत निर्यात भएकोमा आव २०७८/७९मा ४९ करोड ३० लाख युनिट निर्यात भएको छ। विद्युत निर्यातबाट प्राधिकरणले ३ अर्ब ८८ करोड रुपैयाँ आम्दानी गरेको छ। अघिल्लो वर्षको तुलनामा आव २०७८/७९ मा आन्तरिक विद्युत खपत २१.२८ प्रतिशतले वृद्धि हुँदासमेत प्राधिकरण विद्युत आयातलाई घटाउन सफल भएको छ।

आन्तरिक माग धान्न आव २०७७/७८मा २ अर्ब ८० करोड ६० लाख युनिट विद्युत आयात गरिएकोमा आव २०७८/७९मा ४५.०५ प्रतिशत घटेर १ अर्ब ५४ करोड ३० लाख युनिटमा झरेको छ। आव २०७७/७८मा २१ अर्ब ८२ करोड रुपैयाँको विद्युत आयात भएको थियो। आव २०७८/७९मा आयात घटेर १५ अर्ब ४५ करोड रुपैयाँमा झरेको छ। प्राधिकरणले आयात गरेको विद्युतबाट निर्यात गरेको विद्युत घटाउँदा खुद आयात एक अर्ब ५ करोड युनिट हुन्छ। रकमका आधारमा ११ अर्ब ५८ करोड रुपैयाको मात्र खुद आयात भएको छ। प्रणालीमा उपलब्ध ऊर्जामध्ये खुद आयातको हिस्सा ९.४९ प्रतिशतमा झरेको छ।

कार्यकारी निर्देशक घिसिङले चालु आवबाट खुद आयातको अन्त्य भई खुद निर्यात सुरु हुने बताए। आव २०७८/७९मा विद्युत पिक डिमाण्ड एक हजार सात सय ४७ मेगावाट पुगेको छ। विद्युत प्रयोग गर्ने ग्राहकको संख्या सामुदायिक सहित ५३ लाख पुगेको छ। सेतोपाटी

Krishnanagarmanicipality
Office of Municipal Executive
Krishnanagar ,Kapilvastu
Lumbini Province
Invitation for online Bids
Date of first publication : 2079-04-25 (10th Aug ,2022)

The krishnanagarMunicipality ,Office of the Municipal Executive, krishnanagarkapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web sidewww.hhtp://bolptra.gov.npfor the brief description with public entity name : Office of Municipal Executive Krishnanagar ,kapilvastu .

S. N	contract ID	Name of Projects	Estimated Amount (with out VAT& Contingencies) NRS	Bids Security (NRs.)	Bid Doc fee	Final Bid submission Date&Time	Remarks
1	KNM/NCB/BLD-01/079/80	Construction of incomplete r room Building OfRashtriyAdharbhutBidyalay Hridyanagar and MahendraMa.vi.BidyalayKrishnanagar	45,94,256.17	1,33,500.0	3000.00	09-09-2022 12:00.	
2	KNM/NCB/BLD-02/079/80	Construction of first floor of 15 bed shivaraj hospital	86,94,093.15	2,66,450.00	3000.00	09-09-2022 12:00.	

Ramchandra Dhakal
Chief Administrative Officer

श्री अनिरुद्ध पब्लिक माध्यमिक विद्यालय,बैदौली (१-१२)
(प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन अनुमति प्राप्त)
यशोधरा गा.पा.-५,कपिलवस्तु
स्थाः २००२/०१/०१

मिति :२०७९/०४/२४

विषयः शिक्षक आवश्यकता ।

श्री सम्बन्धित सबै।

यस विद्यालयमा तपसीलमा उल्लेखित विवरण बमोजिमको माध्यमिक तहको प्रशिक्षक करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गर्नको लागि यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०७९/०४/२२ गतेको निर्णय अनुसार दोम्रो पटक सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ।

तपसील

१. क) विज्ञापन नं. :- ०१/२०७९/०८० ख) पद र संख्या :- प्रशिक्षक (एक)
ग) तह र श्रेणी :- माध्यमिक द्वितीय घ) विषय :-कृषि (बाली विज्ञान)
२. नियुक्तिको किसिम :- करार
३. आवश्यक न्यूनतम योग्यता :- सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।
४. उमेर :- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
५. तलब स्केल :- नेपाल सरकारको नियमानुसार।
६. परीक्षाको किसिम :- लिखित तथा अन्तर्वार्ता (आवश्यक भएमा प्रयोगात्मक समेत)।
७. परीक्षा दस्तुर :- रु. १,५००।०० (एक हजार पाँच सय मात्र)
उपरोक्त परीक्षा दस्तुर यस विद्यालयको सिद्धार्थ बैंक,यशोधरा शाखा स्थित च.हि.नं. ०२७१५११०२८८ मा बैंक दाखिला गरी सो को
सक्कलै भौचर दरखास्त फारामसाथ संलग्न गरी पेश गर्नुपर्ने।
८. दरखास्त दिने अन्तिम मिति :- २०७९/०४/३० गते सोमवार (कार्यालय समयभित्र)।
९. दरखास्त बुझाउने स्थान :-श्री अनिरुद्ध पब्लिक मा. वि. बैदौली,कपिलवस्तु।
१०. सम्पर्क मिति :- २०७९/०४/३१ गते मंगलवार
११. परीक्षा मिति,समय र स्थान : सम्पर्क मितिका दिन तोकिनेछ।
१२. पेश गर्नुपर्ने कागजातहरु :-
- हस्तलिखित निवेदन।
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि -१ (एक) प्रति।
- एस.एल.सी. लगायत माथिका शैक्षिक योग्यताका सम्पूर्ण प्रमाण पत्रहरुको प्रतिलिपि - १/१ (एक/एक) प्रति।
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि - १ (एक) प्रति।
- वैदेशिक प्रमाण पत्रको हकमा सम्बन्धित निकायबाट निर्धारण भएको समकक्षता प्रमाण पत्रको प्रतिलिपि -१ एक) प्रति।

नोट : रीत नपुगेको तथा म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन । करार सूचीमा रहेका उम्मेदवारहरुको दरखास्त
दर्ता भएमा प्राथमिकताको आधारमा करार नियुक्ति दिइनेछ। करार सूचीमा रहेका उम्मेदवार हरुको दरखास्त पर्न नआएमा मात्र
खुल्ला प्रतिस्पर्धाद्वारा छनौट प्रक्रिया अगाडि बढाइनेछ। विज्ञापन सम्बन्धी अन्य कुरा बुझ्नु परेमा विद्यालय समयभित्र विद्यालयमा
सम्पर्क राख्नु हुन वा मोबाइल नं. ९८५७०५०५३० मा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ।

रमेश कुमार पाण्डेय
प्रधानाध्यापक

लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाज्जलाई नै अपुरणीय क्षेती पग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
कन्चंन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

मानव बेचविखन विरुद्ध सारा नेपाली एक हाऔं।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

छोरा र छोरी सामान व्यवहार गरौं ,। छोरी लाई पनि स्कुल पठाऔं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

रोगबाट बच्न व्यतिगत सरसफाईमा विशेष ध्यान दिऔं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर पालुवा पशुपंक्षीलाई जङ्गली जनावरको सम्पर्कमा आउन नदिऔं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सफासँग हात धोएर मात्र खाना खाने गरौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

रुख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाउ ।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय
रुपन्देही

खानेपानीका मुहानहरु सफा राखौं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सागसब्जी सफापानीले पखालेर मात्र खाने गरौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

चर्पीमा मात्रै दिसा पिसाव गरौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

'दाङमा नयाँ जनप्रतिनिधि, पुरानै नीति'

दाङ, २५ साउन

दाङका स्थानीय तहमा जनप्रतिनिधि फेरिए पनि नीति तथा कार्यक्रम फेरिएनन्। नयाँ जनप्रतिनिधिहरुले पनि प्रायः पुरानै कार्यक्रमलाई निरन्तरता दिएका छन्। दश स्थानीय तहमध्ये यस पटकको निर्वाचनमा नेपाली काँग्रेसले पाँच पालिका जित्न सफल भएको छ भने माओवादीले तीन र एमालेले दुई पालिका जितेका छन् । यीमध्ये अहिले काँग्रेसले जितेका लमही नगरपालिकासहित बबई र दङ्गीशरण गाउँपालिकामा यसअघि एमालेले जितेको थियो।

त्यस्तै अहिले माओवादी केन्द्रले जितेका गढवामा एमालेले र राप्ती गाउँपालिकामा काँग्रेसले जितेको थियो । यी पाँचवटा स्थानीय तहमा यसअघि फरक पार्टीले सत्ता चलाएका थिए भने अहिले ती पालिकाका सत्ता चलाउने राजनीतिक दलहरु परिवर्तन भए पनि उनीहरुले ल्याउने नीति तथा कार्यक्रममा भने खासै परिवर्तन भएको देखिँदैन । नयाँ जनप्रतिनिधिले चालु वर्ष २०७९/८० का लागि ल्याएको पहिलो नीति तथा कार्यक्रमको सबैले चासोका साथ हेरेका छन् । दङ्गीशरण गाउँपालिकाका यसअघिका अध्यक्ष एमालेका भागीराम चौधरीले 'एक वडा, एक ज्येष्ठ नागरिक विश्रामस्थल भवन निर्माण गर्ने, माछामा आत्मनिर्भर बनाउन मत्स्य विकास कार्यक्रम सञ्चालन गर्ने, उत्पादन लागत बढाउन कृषि यन्त्रको प्रयोग बढाउने कार्यक्रम ल्याएका थिए । गएको आर्थिक वर्ष २०७८/७९ मा चौधरीले ल्याएको नीति तथा कार्यक्रमलाई अहिले काँग्रेसबाट निर्वाचित शम्भु गिरीले धेरै कार्यक्रमलाई निरन्तरता दिएका छन्।

'हाम्रो परिकल्पना, हाम्रो समृद्धि' नारासहित ल्याएको कार्यक्रममा अधिकांश नीति तथा कार्यक्रम हुबहु नै छन् । समय छोटो भएकाले पनि यसरी पहिलेका कार्यक्रम दोहोरिएको गाउँपालिका अध्यक्ष गिरीले बताए । "हामी वैशाखमा निर्वाचित भयौँ, निर्वाचित भएलगत्तै नीति तथा कार्यक्रम बनाउनुपर्ने भयो, हतार हतारमा केही दोहोरिए होलान्", गिरीले भने, "सुत्केरीलाई आहारा दिने, छोरीलाई सम्मान गर्ने जस्ता केही नयाँ नीति पनि छन्।"

बबई गाउँपालिकाले ल्याएका नीतिहरु पनि अधिकांश पुरानै छन्। यसअघि एमालेले जितेको यस गाउँपालिकामा अहिले काँग्रेसका कुलबहादुर खत्री विजयी भएका छन्। विगतमा जस्ता नीति थिए, अहिले पनि त्यस्तै नीति र कार्यक्रम आएका छन्। गाउँपालिकाले 'हाम्रो उत्पादन, हाम्रो बजार, समृद्धिको आधार-सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार' भन्ने नारा लिएर नीति ल्याएको छ। नीतिमा कृषिलाई प्राथमिकता दिइएको छ । अहिले ल्याइएको नीति कार्यक्रममा दिगो विकासका लागि कृषिमा आधारित कृषि अनुदान कार्यक्रम सञ्चालन गर्ने, शीत भण्डार निर्माण तथा प्रोत्साहनका कार्यक्रमका लागि बजेटको व्यवस्था गर्ने, बबई क्षेत्रको पर्यटन विकासका लागि पर्यटकीय क्षेत्रको विकास गर्ने र गाउँपालिकाभित्र रहेका सहकारीसँग समन्वय गरेर रोजगारी कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा र माबि तहसम्मका लागि निःशुल्क शिक्षा प्रदान गर्ने, स्वास्थ्यको सुधारका लागि स्वस्थ्य आमा, स्वस्थ्य बच्चा नारासहित नवजात शिशु तथा मातृ मृत्युलाई कम गर्नका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने नीति अघि सारिएको छ । ती अधिकांश कार्यक्रमहरु पहिले पनि रहेका थिए। पुराना कार्यक्रमहरु पनि केही राम्रा भएका तर काम नभएको अवस्थामा रहेको भन्दै त्यस्ता कार्यक्रमलाई निरन्तरता दिइएको गाउँपालिका अध्यक्ष कुलबहादुर खत्रीले बताए ।"पुराना हटाउनुपर्ने कार्यक्रम हामीले हटायौँ, केही कार्यक्रमलाई समावेश गरेका छौँ", उनले भने।

राप्ती गाउँपालिकाले यसअघिकै जस्तो नीति तथा कार्यक्रममा सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास शिक्षादेखि १० कक्षासम्मको शिक्षा निःशुल्क रुपमा प्रदान गर्ने नीति ल्याएको थियो । गत आव २०७८/७९ मा राप्ती चक्रपथ राप्ती गाउँपालिकाको गौरवको बहुवर्षीय योजना भएकाले गाउँपालिकाको उत्तरतर्फ सिङ्गेदेखि भालुवाङसम्मको क्षेत्रलाई केन्द्रित गरी स्तरोन्नतिको कार्यक्रम सञ्चालन गरिने कुरा पनि उल्लेख थियो । त्यस्तै अर्ग्यानिक खेतीमा जोड दिई बिस्तारै विषादीमुक्त क्षेत्र बनाइने कुरा पनि त्यतिबेलै नीति तथा कार्यक्रममा समावेश थियो। यसअघिको निर्वाचनमा काँग्रेसले जितेको यो गाउँपालिकामा अहिले माओवादी केन्द्रका प्रकाश विष्ट अध्यक्ष छन् । "केही पुराना कार्यक्रम भए पनि, धेरै नयाँ कुरा ल्याएका छौँ", अध्यक्ष विष्टले भने, "हामीले स-साना कुराबाट परिवर्तन गर्दै जाने र जनताले महसुस हुने गरी काम गर्ने नीति ल्याएका छौँ।" कतिपय पुराना राम्रा कार्यक्रमलाई निरन्तरता दिइएको उनको भनाइ छ।

यसअघि एमालेको स्थानीय सरकार रहेको लमहीमा अहिले काँग्रेसका जोगराज चौधरीले जित्दा पनि पुरानै नीतिले प्राथमिकता पाएका छन् । सरकारी विद्यालयमा कक्षा १ देखि १० सम्म निःशुल्क पठनपाठनको व्यवस्था मिलाउने, शिक्षामा सबैको पहुँच पुऱ्याउनका लागि कार्यक्रम सञ्चालन गर्ने, लमही अस्पतालको स्तरवृद्धि गरेर सय शय्या पुऱ्याउने लगायतका कार्यक्रम पुरानै हुन्। त्यस्तै सरसफाइको क्षेत्रमा आएको 'मेरो फोहर मेरो जिम्मेवारी' अभियान चलाउने, कार्य सम्पादनमा ढिलासुस्ती गर्ने कर्मचारी, अनुशासनको दायरामा नबस्ने र सेवा प्रवाहमा लापरबाही गर्ने शिक्षक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आचरणमा शून्य सहनशीलताको नीति अबलम्बन गर्ने, सेवाग्राहीको गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाइने, सूचनाको हक सुनिश्चित गर्न सूचना व्यवस्थापन सहज बनाइनेलगायत नीति पहिले नै आएका हुन् । उनले भने, "हामीले नयाँ ढङ्गले जाऔँ, नयाँ बृहत् कार्यक्रमहरु सञ्चालन गरौँ भनेर पनि छलफल गऱ्यौँ तर समय पनि छोटो भएकाले धेरै नयाँ कार्यक्रम ल्याउन सकिएन।"

यसअघि एमालेले जितेको गढवा गाउँपालिकामा अहिले माओवादी केन्द्रका यमनारायण पोखरेलले जितेका छन्। युवा नेताका रुपमा परिचित शर्माले 'शिक्षा स्वास्थ्य, कृषि र रोजगार-समृद्ध गढवा गाउँपालिकाको आधार' भन्ने नारासहित ल्याएको नीति तथा कार्यक्रममा पनि पुरानै कुरा समेटिएका छन् । गढवामा कृषि उपज हाटबजार सञ्चालन गर्ने, चक्लाबन्दी खेती प्रणालीलाई प्राथमिकता दिने, बर्थिङ सेन्टरमा भिडियो एक्स-रे सेवा उपलब्ध गराउनेजस्ता नयाँ कार्यक्रम आए पनि केही कार्यक्रम भने पुरानै छन्। "पुराना कार्यक्रमबाट पनि हामीले 'रिफ्रेन्स' लिनुपर्ने हुन्छ", अध्यक्ष पोखरेलले भने, "त्यही आधारमा केही पुराना कार्यक्रम पर्नु स्वाभाविक पनि हो तर धेरै नयाँ गर्ने प्रयास गरेका छौँ।'

कपिलवस्तुका सबै क्याम्पसमा विप्लवनिकट अखिल (क्रान्तिकारी)को ताला



बाणगंगा, २५ साउन

कपिलवस्तुका सामुदायिक क्याम्पसहरुमा बढेको शूल्क वृद्धिको विरोधमा विप्लवनिकट अखिल (क्रान्तिकारी) ले कपिलवस्तुका सबै क्याम्पसहरुमा तालाबन्दी गरेको छ।

जिल्लाभरमा क्याम्पसमा वृद्धि भएको मासिक शूल्क वृद्धि फिर्ता लिन क्रान्तिकारीले आग्रह गरेको छ। जिल्लाका सामुदायिक क्याम्पसहरुले २ सय २५ मासिक शूल्कमा वृद्धि गरेका छन्।

उक्त शूल्क विद्यार्थी संगठनहरु बीचको सहमतिबाट कायम गरिएको थियो । यद्यपि अखिल (क्रान्तिकारी) ले यसमा असहमति प्रकट गर्दै तालाबन्दीमा उत्रिएको हो । जिल्लाको पब्लिक क्याम्पस संघ कपिलवस्तुले ९ सय ७५ मासिक शूल्कबाट शूल्क बढाएर १५ सय पुऱ्याएको थियो।

यसको विरुद्धमा जिल्लाका ६ विद्यार्थी संगठनहरुले विरोध स्वरुप संघलाई ज्ञापनपत्र बुझाएका थिए। संघले साउन १९ गते विद्यार्थी संगठनहरुलाई वार्तामा बोलाएर ४ घण्टा लामो छलफल गरेको थियो। उक्त छलफल पश्चात १५ सय बाट घटाएर मासिक शूल्क १२ सय पुगेको थियो।

अखिल (क्रान्तिकारी)ले भने शूल्क वृद्धि बढी भएको जनाएको छ । मंगलबार जिल्लाका सबै सामुदायिक क्याम्पसहरुमा तालाबन्दी गरिएको नेता विज्ञान क्षेत्रीले जानकारी दिए। आफ्नो संगठनले राखेको माग सम्बोधन नभए पछि क्याम्पस प्रसाशन र लेखा शाखामा ताला लगाउन बाध्य भएको क्षेत्री बताए।

बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएमा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भूकम्पले चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"सवारी साधन चलाउनु पूर्व चेकजाँच गरेर मात्र गरेर मात्र सवारी चलाउनुहोस् ।"

प्रदेश सरकार
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
लुम्बिनी प्रदेश

कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि
प्रबन्ध निर्देशकः लक्ष्मण बेल्बासे, अतिथि सम्पादकः नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही